क्रि.स. ६४

Date
Page

आज मिति २०७४।३।२४ गते शनिवारका दिन यस भुम्लु गाउँपालिकाको गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरूको बैठक गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुंवरको अध्यक्षतामा तपसिल बमोजिम को उपस्थितीमा बसी देहाय बमोजिमका निर्णय गरियो।

## उपस्थिती

१. श्री गुमानध्वज कुंवर गा.का.पा. अध्यक्ष
२. श्री कल्पना कुमारी श्रेष्ठ ,, ,, उपाध्यक्ष
३. श्री रविर ब. श्रेष्ठ ,, ,, सदस्य
४. श्री कृष्ण कुमार कार्की ,, ,, सदस्य
५. श्री ज्ञान ब. तामाङ ,, ,, सदस्य
६ श्री लोक ब. कुंवर ,, ,, सदस्य
७ श्री अञ्चल कुमार लामा ,, ,, सदस्य
८ श्री भरत ब. शिवभक्ती ,, ,, सदस्य
९ श्री रमेश राज खरेल ,, ,, सदस्य
१० श्री मोतीलाल तामाङ ,, ,, सदस्य
११ श्री दल ब. तामाङ ,, ,, सदस्य
१२ श्री चित्र ब. लामा ,, ,, सदस्य
१३ श्री माया तामाङ ,, ,, सदस्य
१४ श्री सानुमाया पहरी ,, ,, सदस्य
१५ श्री उर्मिला वि.क. बराइली ,, ,, सदस्य
१६ श्री सावित्रा अधामी ,, ,, सदस्य
१७ श्री बालकृष्ण पहरी ,, ,, सदस्य
१८ श्री शङ्कर दर्जी नेपाली ,, ,, सदस्य
१९ श्री हरिवल्लभ घिमिरे ,, ,, सचिव

## आमन्त्रित

१) श्री ऋषिकान्त घिमिरे प्रतिनिधि जि.स.स. काभ्रेपलान्चोक
२. श्री गोविन्द प्रसाद पुडासैनी
३ श्री वासुदेव अर्याल

क्रमशः -

# प्रस्ताव तथा निर्णय

आजको बैठकमा पेश भएका प्रस्ताव माथी छलफलगरी तपशिल बमोजिम सर्वसम्मत निर्णय गरियो।

क) गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०७४, गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली २०७४, गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ स्वीकृत गर्ने र गाउँ कार्यपालिकाको आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४ स्वीकृत गर्ने।

ख) राजस्व परामर्श समितिबाट पेश भएका राजश्व तथा सेवा शुल्कको दरमा छलफल गरी आर्थिक विधेयकमा समावेश गर्ने निर्णय गरियो।

ग) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले सिमा निर्धारण गरे बमोजिम विषयगत समूहबाट छलफल भई बजेट तथा कार्यक्रम समितिले सिफारीस गरेका वार्षिक नीति तथा कार्यक्रम, आगामी आ.व. को आय व्यय विवरण स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

घ) स्थानीय तहले आफैं तयार गरी लागू गर्नु पर्ने तपसिल बमोजिमका ऐन, नियम कार्यविधि हरु, विधेयक समितिबाट सिफारीस भई आएको विधेयक विनियोजन विधेयक, आर्थिक विधेयक गाउँसभामा पेश गर्ने निर्णय गरियो।

ङ.) यस भुम्लु गाउँपालिकाको राजमार्ग वरीपरी हुने निर्माण कार्यमा राजमार्गको केन्द्रबाट ६.५ मिटर दायाँ बायाँ छोडेर र शाखा सडकमा सडकको केन्द्रबाट ३ मिटर दायाँ बायाँ छोडेर मात्र निर्माण कार्य गर्ने/गराउने मापदण्ड तय गर्ने निर्णय गरियो।

च) भूकम्पबाट प्रभावित निजि आवास पुनर्निर्माण सम्बन्धमा लाभग्राही सूचिमा नपरेका प्रभावितको पुन: सर्वेक्षण गर्ने जिम्मेवारी वडा अध्यक्षहरूलाई दिने र गाउँपालिकामा प्राप्त भएको विवरण उपलब्ध गराउने निर्णय गरियो ।

छ) भुम्लु गाउँपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ र गाउँ सभा बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ स्वीकृतीको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।